भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, बागमती प्रदेश, नेपाल

# करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७९।०३।३१)

यस कार्यालयको मिति २०७९।०३।३० गतेको निर्णयानुसार भरतपुर महानगरपालिकालाई आवश्यक पर्ने तपसिल बमोजिमका पदहरु सेवा करारको माध्यमबाट पदपूर्ति गर्नुपर्ने भएकोले तपसिल बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र (२०७९ साउन १३ गते दिनको १:०० बजेसम्म) रीतपूर्वक आवेदन फाराम भरी पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र. सं. | विज्ञापन नं. | पद | तह | संख्या | परीक्षा दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ५/२०७८/०७९ | सिभिल इन्जिनियर | छैटौं | १ (एक) | रु. १०००।– | |
| २ | ६/२०७८/०७९ | इलेक्ट्रिकल इन्जिनियर | छैटौं | १ (एक) | रु. १०००।– | |

१. **आवश्यक न्यूनतम योग्यताः**
   क. **सिभिल इन्जिनियरको लागिः** मान्यता प्राप्त शैक्षिक संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषयमा स्नातक वा सो सरह उत्तीर्ण गरेको ।
   ख. **इलेक्ट्रिकल इन्जिनियरको लागि** मान्यता प्राप्त शैक्षिक संस्थाबाट इलेक्ट्रिकल इन्जिनियरिङ्ग विषयमा स्नातक वा सो सरह उत्तीर्ण गरेको ।
   ग. उमेर १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको, महिलाको हकमा ४० वर्ष ननाघेको ।
   घ. स्थानीय बासिन्दालाई प्राथमिकता दिइनेछ ।

२. **दरखास्त दिने स्थानः** दरखास्त भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, प्रशासन तथा जनशक्ति विकास शाखामा बुझाउनु पर्नेछ । दरखास्तसाथ तोकिएको दस्तुर भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयको राजस्व शाखामा रकम जम्मा गरेको रसिद पेश गर्नुपर्नेछ ।

३. **छनौटको किसिमः** लिखित परीक्षा तथा अन्तर्वार्ता ।

४. **आवेदन साथ संलग्न कागजातहरुः** आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपीहरु– नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी, न्यूनतम शैक्षिक योग्यताको लब्ध्याङ्क प्रमाणपत्रको प्रतिलिपी, चारित्रिक प्रमाणपत्र, अनुभव खुल्ने कागजात तथा २ प्रति पासपोर्ट साइजको फोटो ।

५. **पारिश्रमिक सुविधाः** महानगरपालिकासँगको करार सम्झौता बमोजिम उपलब्ध गराइनेछ ।

६. **परीक्षाको पाठ्यक्रमः** लोकसेवा आयोगको सम्बन्धित विषयको पाठ्यक्रम ।

**प्रमुख प्रशासकीय अधिकृत**